# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

*इ.प्रा.परिपत्र संख्या:- ४४१* *मिति :- २०६३/१२/११*

**इजाजतपत्रप्राप्त सम्वन्धित सबै निकायहरू ।**

विषय :- **इजाजतपत्रप्राप्त निकायहरूले पेश गर्नुपर्ने वि.वि.नि.फारामहरू वारे ।**

महाशय,

विदेशी विनिमय कारोवार सम्वन्धी निम्न वि.वि.नि.फारामहरू तोकिए बमोजिमको अवधि भित्र यस बैंकमा अनिवार्य रुपमा प्रेषित गर्नु पर्ने व्यवस्था रहेकोले सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

| वि.वि.निपत्र.नं | विषय | पेश गर्नुपर्ने निकाय | अवधि | सम्वन्धित इ.प्रा.परिपत्र |
|---|---|---|---|---|
| १ | निर्यात प्रतीतपत्र खोलेको विवरण | सम्वन्धित बैंक/वित्तीय संस्थाले तयार गरी पेश गर्ने । | साप्ताहिक | ३९९ |
| २ | दृष्य निर्यातबाट हुने प.वि.मु.को आम्दानी विवरण | सम्वन्धित बैंक/वित्तीय संस्थाले तयार गरी पेश गर्ने । | साप्ताहिक | ३९९ |
| २ "क" | तोकिएको समयभित्र भुक्तानी नल्याएमा | सम्वन्धित बैंक/वित्तीय संस्थाले तयार गरी पेश गर्ने । | मासिक | ४०६ |
| ३ | आयात प्रतीतपत्र खोलेको विवरण | सम्वन्धित आयातकर्तालाई भर्न लगाई बैंक/वित्तीय संस्थाले पेश गर्ने । | दैनिक | ३८१ |
| ३"क" | ड्राफ्ट/टि.टि. सटही सुविधाको निवेदन | | दैनिक | ३८५ |
| ३"ख" | नगद/ड्राफ्ट/टि.टि. सटही सुविधाको निवेदन (तातोपानी भन्सार) | सम्वन्धित आयातकर्तालाई भर्न लगाई बैंक/वित्तीय संस्थाले पेश गर्ने । | दैनिक | ३८६ |
| ४ | पैठारी भुक्तानी प्रमाणपत्र | सम्वन्धित बैंक/वित्तीय संस्थाले तयार गरी पेश गर्ने । | दैनिक | ३८१ |
| ४"क" | ड्राफ्ट/टि.टि. सटही सुविधाको पैठारी भुक्तानी प्रमाणपत्र | सम्वन्धित बैंक/वित्तीय संस्थाले तयार गरी पेश गर्ने । | दैनिक | ३८५ |
| ४"ख" | नगद/ड्राफ्ट/टि.टि. सटही सुविधाको पैठारी भुक्तानी प्रमाणपत्र (तातोपानी भन्सार) | सम्वन्धित बैंक/वित्तीय संस्थाले तयार गरी पेश गर्ने । | दैनिक | ३८६ |
| ४"ग" | नगद/ड्राफ्ट/टि.टि.सटही सुविधा (भा.रु) | सम्वन्धित बैंक/वित्तीय संस्थाले तयार गरी पेश गर्ने । | दैनिक | ३९१ |
| ४"घ" | क्रेडिट (Usance Bill) सुविधा अन्तर्गत हुने आयात । | सम्वन्धित बैंक/वित्तीय संस्थाले तयार गरी पेश गर्ने । | नियमित | ३८१ |
| ५ | होटल/ट्राभल/ट्रेकिङ्ग एजेन्सीको वि.मु. कारोवार । | सम्वन्धित इजाजतपत्र प्राप्त निकाय | मासिक | ४३७ |

भवदीय,

(रामजी रेग्मी)
का.मु.कार्यकारी निर्देशक